कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड

Taksar Pikhuwa khola Hydropower Ltd.

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२२, खिचापोखरी, काठमाण्डौं, फोन नं. ०१-५३२१७७७

इमेल: taksarpikhuwahpp2017@gmail.com वेवसाइट: www.tpkhp.com.np

आह्वान–पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

कम्पनीले आफ्नो जारी पूँजी रु.१,२०,००,००,०००/- (एक अर्ब बीस करोड) को ३५.२६% अर्थात रु.४२,३०,६६,८००/- (बयालिस करोड तीस लाख छैसठ्ठी हजार आठ सय) रकम बराबरको रु.१००/- अंकित दरका कुल ४२,३०,६६८ (बयालिस लाख तीस हजार छ सय अठसठ्ठी) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जसमध्ये स्वीकृत विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.१२,००,००,०००/- (बाह्र करोड) रकम बराबरको रु.१००/- अंकित दरका १२,००,००० कित्ता साधारण शेयरहरु आयोजना प्रभावित क्षेत्रका स्थाई बसोबास गर्ने बासिन्दाहरु (भोजपुर जिल्लाको बासिन्दा) को निमित्त साधारण शेयर निष्काशन गरी बिक्री वितरण गरिने छ । सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.३,०३,०६,७००/- (तीन करोड तीन लाख छ हजार सात सय) रकम बराबरको रु.१००/- अंकित दरका ३,०३,०६७ (तीन लाख तीन हजार सठ्सठ्ठी) कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि, सार्वजनिक निष्काशन गरिने, शेयरको ५ प्रतिशत अर्थात रु.१,५१,५३,३००/- (एक करोड एकाउन्न लाख त्रिपन्न हजार तिन सय) रकम बराबरको रु.१००/- अंकित दरका १,५१,५३३ (एक लाख एकाउन्न हजार पाँच सय तेत्तिस) कित्ता शेयरहरु सामूहिक लगानी कोषका योजनाहरुको लागि र सार्वजनिक निष्काशन गरिने शेयरको २ प्रतिशत अर्थात रु.६०,६१,३००/- (साठ्ठी लाख एकसठ्ठी हजार तीन सय) रकम बराबरको रु.१००/- अंकित दरका ६०,६१३ (साठ्ठी हजार छ सय तेह्र) कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षितल राखी बाँकी रहेको २५,१५,४५५ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिने छ ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूका लागि	वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि
दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता	दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : ५०,००० कित्ता	दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : ५०,००० कित्ता

विद्युत नियमन आयोगबाट स्वीकृति प्राप्त मिति : २०८०/०६/०९, नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८२/११/०१ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८२/११/०५

संक्षिप्त वित्तिय विवरण

विवरण	वास्तविक			*२०८२/२०८३ पौष मसान्त	प्रक्षेपित		
	आ.व. ०७९/८०	आ.व. ०८०/८१	आ.व. ०८१/८२		आ.व. ०८२/८३	आ.व. ०८३/८४	आ.व. ०८४/८५
प्रति शेयर आम्दानी रु.	(४.९८)	१९.६६	(०.७२)	५.३२	२.५७	७.०५	७.२२
प्रति शेयर नेटवर्थ रु.	८१.८२	१०१.४९	१००.७६	१०६.०८	१०३.०७	१०५.१६	१०७.३८
संचित नाफा-नोक्सान (हजारमा)	(१४१,२३४)	११,५४२	५,९२५	४७,२४९.१०	३६,८१३	६१,८९७	८८,५७३

*नोट : *गत आ.व.को अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित भएको हो ।*

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:	
निष्काशन खुल्ला हुने मिति :	२०८२/११/२७ गते देखि	निष्काशन खुल्ला हुने मिति :	२०८२/११/२७ गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/१२/११ गते (बैंकिङ्ग समय पश्चात्) सम्म	निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/१२/०१ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/१२/२६ (बैंकिङ्ग समय पश्चात्) सम्म	निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/१२/११ (बैंकिङ्ग समय पश्चात्) सम्म

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने ।

आयोजनाको नाम	कुल लागत रकम	प्रति मेगावाट अनुमानित लागत रकम	विद्युत उत्पादन अनुमतिको बाँकी अवधि
टक्सार पिखुवा खोला जलविद्युत आयोजना (८ मे.वा.)	रु.१ अर्ब ८८.२१ करोड	रु.२३ करोड ५३ लाख	अनुमतीपत्र वहाल रहने अवधि मिति २०७३/०३/०३ देखि २१०८/०३/०२ गते सम्म रहेकोले २५ वर्ष ४ महिना बाँकी रहेको छ ।

साधारण लगानी फिर्ता हुने अवधि	डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि	(IRR)
९.१७ वर्ष	१८.३७ वर्ष	१०.२८%

स्वीकृत विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरुलाई र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म र सामुहिक लगानी कोषले ६ महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

रेटिङ्ग सम्बन्धी व्यवस्था: स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड पुतलीसडक, काठमण्डौंबाट इस्यूवर रेटिङ्ग गराई "CARE-NP BB + (Is) [Double B plus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ । CARE-NP BB+ (Is) ले "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमै वित्तीय दायित्व भुक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" बुझिन्छ । केयर नेपाल लिमिटेडले CARE - NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कमजोर आधार जनाउँदछ । यसको अर्थ CARE-NP BB(Is) को स्थिति CARE-NP BBB(Is) को भन्दा एक चिन्ह तल रहन्छ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) पृष्ठ नम्बर ४८ मा उल्लेख गरिएको छ ।
रेटिङ्ग ग्रेड प्रदान गरेको मिति: २०२६ जनवरी २७ रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०२७ जनवरी २२

१. कम्पनीको नाम : टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड (Taksar Pikhuwa khola Hydropower Ltd.)।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय ठेगाना का.म.न.पा.-२२, खिचापोखरी, काठमाण्डौं रहेको छ। आवश्यक परेको खण्डमा सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ।

४. कारोबार गर्ने मुख्य स्थान :

यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र भोजपुर जिल्लाको भोजपुर नगरपालिका वडा नं. १२ रहेको छ। साथै यस कम्पनी कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७८।०७।१० मा कारोबार गर्न स्विकृति प्राप्त गरेको हो

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास :

कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०७१/०१/१० मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेडको नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएको थियो। यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले मिति २०७८/०६/१४ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भई टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेडको नाममा कारोबार संचालन गर्दै आएको कम्पनी हो। कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्भौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ।

२. हाल यस कम्पनीमा ३९१ जना संस्थापक शेयरधनीहरु रहेका छन्। यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र, निर्माण, परामर्श एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका व्यक्तित्वहरु रहेका छन्।

३. यस कम्पनीले भोजपुर नगरपालिका तथा राम प्रसाद राई गाउंपालिका स्थित जलविद्युत आयोजनाबाट ८ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७३/०३/०३ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो।

४. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७३ पौष १ मा भएको टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना ८ मे.वा.को विद्युत खरिद बिक्री सम्भौता (PPA) तथा सो सम्भौतामा मिति २०७८।०८।१७ मा भएको छैठौं संशोधन अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७८ बैशाख १ गते (तदनुसार अप्रिल १४, २०२१) रही हाल विद्युत उत्पादन भईरहेको छ।

५. कम्पनीले निर्माण गरेको टक्सार पिखुवा खोला जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एक मुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७३ पौष १ मा विद्युत खरिद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ। सम्भौता अनुरुप आयोजनाले मिति २०७८।०१।०१ देखि व्यवसायीक उत्पादन गरी राष्ट्रिय प्रसारण लाईनमा जडान गरी बिक्री गरि रहेको छ।

६. टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना (८ मे.वा.) को मिति २०७३/०३/०३ मा नेपाल सरकार, ऊर्जा मन्त्रालय, विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७२/७३ वि.उ. १५९ प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०८/०३/०२ गतेसम्म बहाल रहेकोले मिति २०८२।०४।०१ बाट २५ वर्ष ११ बाँकी छ। टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना (८ मे.वा.) को मिति २०७७/०३/१६ मा नेपाल सरकार, ऊर्जा मन्त्रालय, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभागबाट विद्युत प्रसारणको अनुमतिपत्र (वि.वि.वि. ०७६/७७ वि.प्र १३४ प्राप्त भएको हो उक्त अनुमतिपत्र बहाल रहने अवधि २०७७/०३/१२ देखि २१०२/०३/११ सम्म) बहाल रहने छ।

७. यस टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना निर्माण सम्पन्न हुँदा आयोजनाको कूल लागत (Interest During Construction (IDC) सहित रु.१ अर्ब ८८ करोड २१ लाख बैसाठी हजार रहेको छ।

८. आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्री दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

महिना	ऊर्जा परिमाण (सम्भौता अनुरुप) (KWH)	ऊर्जा परिमाण (विद्युत उत्पादन) (KWH)	करार इनर्जी र फरक इनर्जीको फरक	करार इनर्जी र फरक इनर्जीको %	बिक्री दर (रु.)	बिक्री रकम (रु.)	प्राप्त रकम (रु.)	कारण
आ.व.२०७७/०७८								
बैशाख	२२३४३८७	१३५८७७०	(८७५,६१७)	(३९.१९)	४.८	५,४३६,१६७	५,४१३,२७१	ट्रिपिङ र Contingency Plan को कारण
जेष्ठ	३७५१७१९	१५९४४२०	(२,१५७,२९९)	(५७.५०)	४.८	६,३७८,९५६	६,१८१,६१६	
असार	५७७८४३२	११९५२१०	(४,५८३,२२२)	(७९.३२)	४.८	४,७८१,७९६	४,५३०,७६४	
आ.व.२०७८/०७९								
श्रावण	५५९७८५६	६४५७७०	(४,९५२,०८६)	(८८.४६)	४.८	२,५८३,५९७	२,५१४,०३८	जेनेरेटरमा समस्या
भाद्र	५५९७८५६	३५८१४७०	(२,०१६,३८६)	(३६.०२)	४.८	१४,३२८,७४५	१३,६०३,४८४	जेनेरेटरमा समस्या
आश्विन	५५९७८५६	४४८४९३०	(१,११२,९२६)	(१९.८८)	४.८	१७,९४३,३०८	१७,५८०,२०८	

आयोजनाको उत्पादन क्षमता : ८ मेगावाट
ग्रस हेड : १४२.७६ मिटर
डाइभर्सन बाँध : लम्बाई ४६ मिटर, उचाई १० मिटर
अपरोच क्यानल : लम्बाई ३१७ मिटर, चौडाई २.७० मिटर, उचाई १.५० मिटर
सेट्लिङ्ग वेसिन : ५० मिटर, लम्बाई, ७.५० मिटर चौडाई, ३.७० मिटर उचाई
फोरवे : ७२ मिटर लम्बाई, १० मिटर चौडाई, २ मिटर उचाइ
स्टील पेनस्टक पाईप : लम्बाई ३४१.१९ मिटर, व्यास १.७० मि.
पावरहाउस : लम्बाई ३६ मिटर, चौडाई २० मिटर, उचाई
टेलरेस : लम्बाई ३०४ मिटर, चौडाई २.१० मिटर, उचाई २.१० मिटर
टर्वाइन : संख्या २, प्रति टर्वाइन आउटपुट ४.२०MW
जेनेरेटर : ४७०५ KVA Per Unit (Two unit)
ट्रान्सफर्मर : ५ KVA Per Unit (Two unit)
ट्रान्समिसन लाईन : ३३ KV, ५ कि.मि.लम्बाई
आयोजनाको हालको अनुमानित लागत : १८,८२०.४७ लाख

आयोजनाको व्यापारीक उत्पादन शुरु भएको वर्षलाई आधार वर्ष मान्दा कम्पनीको वित्तीय परिसुचक :

आयोजनाको कूल लागत निर्माण अवधिको ब्याज समेत	रु.१,८८,२०,४७,३१६/-
आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत	रु.२३,५२,५५,९१४/-
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period)	९.१७ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period at 9% Discount rate)	१८.३७ वर्ष
Net Present Value (NPV)	रु. २०,८०,८५,८९४/-
Internal Rate of Return (IRR)	१०.२८%

नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको तिसौं वर्षको नगद प्रवाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रवाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return(IRR) गणना गरिएको छ। NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ।

Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flow t1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + ... Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0
where,
r = Discount rate
t = Number of time periods

2. IRR= Ct - C0 / (1+r)t
Where,
Ct = Net cash inflow during the period t
C0= Total initial investment costs
r = Discount rate

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ

समूह	विवरण	साधारण शेयर संख्या	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	७७,६९,३३२	६४.७४%	७७,६९,३३,२००/-	शत प्रतिशत भुक्तानी भएको
ख	स्थानीय बासिन्दाहरु	१२,००,०००	३५.२६%	१२,००,००,०००/-	निष्काशन पश्चात् शत प्रतिशत भुक्तानी हुने
ग	सर्वसाधारण शेयरधनी (वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत)	३०,३०,६६८		३०३०६६८००/-	
	जम्मा	१,२०,००,०००	१००%	१,२०,००,००,०००/-	शत प्रतिशत

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम तथा ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शेयर स्वामित्व (प्रतिशतमा)	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१	श्री अजय बल्लभ पन्त का.जि. का.म.न.पा.वडा नं. २२,काठमाडौं	अध्यक्ष	४० वर्ष	नेपाली	१,२५,०००	१.६०	स्नातक लिगल स्टडी	७ वर्षको हाइड्रोपावर क्षेत्रमा कार्य अनुभव रहेको, *हाल कार्यरत* अक्ष्यक्षः देव उर्जा कन्स्टक्सन प्रा.लि. अक्ष्यक्षः देव मल्टीप्रपोज इन्भेष्टमेण्ट प्रा.लि. संचालकः देव लिजिङ कम्पनी प्रा.लि. सदस्यः शिक्षा तथा खेलकुद समिति, नेपाल चेम्बर्स अफ कमर्स

(क्रमशः पृष्ठ नं. ४ बाट)

खर्चहरु				
प्रशासकीय खर्चहरु	१४,३२४.११	१६,०९३.६९	१५,५१०.३२	८,६१९.७९
कर्मचारी खर्चहरु	१५,६६४.२४	१६,५०५.४६	१५,३०३.०९	८,२११.६६
ह्रास कट्टी (Depreciation)	४२,९५२.३०	४२,८८९.११	६७,१८७.२७	३३,७६७.९२
ब्याज/वित्तीय खर्च	१२०,४१७.३९	११८,२९५.६०	१०४,०२२.१०	४६,७३०.६५
खर्चहरु	१९३,३५८.०४	१९३,७८३.८६	२०२,०२२.७८	९७,३३०.०२
कर अघिको मुनाफा/नोक्सान	(३८,६६२.३५)	१५२,७७६.११	(५,६१२.७५)	४१,३१९.९५
कर्मचारी बोनश व्यवस्था	-	-	-	-
कर व्यवस्था	-	-	-	-
खुद नाफा/नोक्सान	(३८,६६२.३५)	१५२,७७६.११	(५,६१२.७५)	४१,३१९.९५

नोटः आ.व. २०८२/८३ पौष मसान्तसम्मको लेखापरीक्षक प्रमाणित अपरिष्कृत विवरणहरु हुन् ।
**आ.व. २०८०/८१ को अन्य आम्दानीमा नेपाल पावर एक्सचेन्ज लिमिटेडको लाभांश र टेलरेस सेयरिङ बापत प्राप्त रकम रहेको तथा टेलरेस सेयरिङ बापतको रकम रु.१७,५०,००,०००/- मध्ये आ.व. २०८२।८३ को पौष मसान्त सम्ममा रकम रु.७,५०,००,०००/- भुक्तानी प्राप्त भएको छ ।*

आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा–नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात *(रकम रु. हजारमा)*

विवरण	प्रक्षेपित		
	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
सम्पत्ति			
गैर चालु सम्पत्ति			
सम्पत्ति प्लान्ट र उपकरण			
खुद सामान्य सम्पत्ति	३,७८९.५९	३,२३७.६४	२,६८५.६९
खुद परियोजना सम्पत्ति	१,६११,३४३.४६	१,५४४,६६७.१८	१,४७७,९९०.९०
अमूर्त सम्पत्ति	-	-	-
जम्मा गैर चालु सम्पत्ति	१,६१५,१३३.०४	१,५४७,९०४.८१	१,४८०,६७६.५८
चालु सम्पत्ति			
वित्तीय सम्पत्ति			
व्यापार प्राप्ति	४७,३४५.७९	४७,३४५.७९	४७,३४५.७९
अन्य वित्तीय सम्पत्ति	१.५०	१.५०	१.५०
लगानी	२०५,३८८.३०	२५०,३८८.३०	३०५,३८८.३०
नगद तथा नगद बराबर	९२,५७१.२५	२३२,९८३.३१	२९०,२०५.३०
अन्य चालु सम्पत्ति	१४०,८३७.९८	९३,०५१.७८	३५,७७२.४२
जम्मा चालु सम्पत्ति	४८६,१४४.८३	६२३,७७०.६८	६७८,७१३.३१
कुल सम्पत्ति	२,१०१,२७७.८७	२,१७१,६७५.४९	२,१५९,३८९.८९
पूँजी र दायित्वहरु			
पूँजी			
शेयर पूँजी	१,२००,०००.००	१,२००,०००.००	१,२००,०००.००
अन्य इक्वीटी	३६,८१३.०६	६१,८९६.७०	८८,५७३.४३
जम्मा पूँजी	१,२३६,८१३.०६	१,२६१,८९६.७०	१,२८८,५७३.४३
दायित्वहरु			
गैर चालु दायित्वहरु			
वित्तीय दायित्वहरु			
दिर्घकालिन ऋण	८०६,२२३.३६	७८९,९१७.५२	७५०,३३३.९१
जम्मा गैर चालु दायित्वहरु	८०६,२२३.३६	७८९,९१७.५२	७५०,३३३.९१
चालु दायित्व तथा ब्यवस्थाहरु			
वित्तीय दायित्वहरु			
सापटीहरु	४५,०००.००	४५,०००.००	४५,०००.००
अन्य वित्तीय दायित्वहरु	१२,२१०.४९	१२,७०५.००	१३,२४८.९६
ब्यवस्थाहरु			
कर्मचारी बोनशको लागि प्रावधान	६१७.६८	१,७०१.६७	१,७३३.५३
नगद लाभांशको लागि प्रावधान	-	६०,०००.००	६०,०००.००
चालु कर दायित्वहरु	-	-	-
चालु दायित्व	४१३.२७	४५४.६०	५००.०६
जम्मा चालु दायित्व तथा ब्यवस्थाहरु	५८,२४१.४४	११९,८६१.२७	१२०,४८२.५५
कुल पूँजी तथा दायित्व	२,१०१,२७७.८७	२,१७१,६७५.४९	२,१५९,३८९.८९

नाफा–नोक्सान हिसाब *(रकम रु. हजारमा)*

विवरण	प्रक्षेपित		
	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
आम्दानी			
सञ्चालन आम्दानी	२५१,१७७.०६	२५६,३३९.५०	२५६,३३९.५०
बिक्री लागत	१२,५९७.८६	१२,४३५.६५	१२,१७०.२१
कूल नाफा	२३८,५७९.२०	२४३,९०३.८५	२४४,१६९.२९
अन्य आम्दानी	-	१५,०४६.६०	१५,०४६.६०
खर्चहरु			
प्रशासकीय खर्चहरु	१५,७८८.३९	११,७६१.४०	११,९९६.६३
कर्मचारी खर्चहरु	१५,६०९.१५	१५,९२१.३३	१६,२३९.७६
ह्रास कट्टी (Depreciation)	६७,२२८.२३	६७,२२८.२३	६७,२२८.२४
ब्याज/वित्तीय खर्च	१०८,४५१.८४	७७,२५४.१७	७५,३४१.००
खर्चहरु	२०७,०७७.६१	१७२,१६५.१४	१७०,८०५.६३
कर अघिको मुनाफा/नोक्सान	३१,५०१.५९	८६,७८५.३२	८८,४१०.२६
कर्मचारि बोनश व्यवस्था	६१७.६८	१,७०१.६७	१,७३३.५३
कर व्यवस्था	-	-	-
खुद नाफा/नोक्सान	३०,८८३.९१	८५,०८३.६५	८६,६७६.७३

विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर नेटवर्थ तथा प्रति शेयर आम्दानी (EPS) :

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व.२०८२/८३ पौष मसान्त	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
खुद नाफा/नोक्सान (रु. हजारमा)	(३८,६६२.३६)	१५२,७७६.११	(५,६१२.७५)	४१,३१९.९५	३०,८८३.९१	८५,०८३.६४	८६,६७६.७३
प्रति शेयर आम्दानी (रु.)	(४.९८)	१९.६६	(०.७२)	५.३२	२.५७	७.०९	७.२२
चुक्ता पूँजी (रु.हजारमा)	७७६,९३३.२०	७७६,९३३.२०	७७६,९३३.२०	७७६,९३३	१,२००,०००.००	१,२००,०००.००	१,२००,०००.००
जगेडा तथा कोषहरु (रु.हजारमा)	(१४१,२३४.२१)	११,५४१.९०	५,९२९.१५	४७,२४९.१०	३६,८१३.०६	६१,८९६.७०	८८,५७३.४३
कुल नेटवोर्थ (रु.हजारमा)	६३५,६९८.९९	७८८,४७५.१०	७८२,८६२.३५	८२४,१८२.३०	१,२३६,८१३.०६	१,२६१,८९६.७०	१,२८८,५७३.४३
शेयर संख्या (हजारमा)	७,७६९.३३	७,७६९.३३	७,७६९.३३	७,७६९.३३	१२,०००.००	१२,०००.००	१२,०००.००
प्रति शेयर नेटवर्थ (रु.)	८१.८२	१०१.४९	१००.७६	१०६.०८	१०३.०७	१०५.१६	१०७.३८
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००	१००.००	१००.००	१००.००
नेटवर्थमा औषत प्रतिफल	(६.०८%)	१९.३८%	(०.७२%)	५.०१%	२.५०%	६.७४%	६.७३%

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : ४.६६%

***नोटः** प्रक्षेपित वित्तीय विवरण निष्काशनकर्ता कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी एस सुवेदि एण्ड एसोसिएटसबाट प्रमाणित गरिएकोछ ।*

कम्पनीको वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :

विवरण	प्रक्षेपित (%)		
	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
कूल आयमा औषत वृद्धिदर (प्रतिशतमा)	१८.७७%	८.०५%	०.००%
कूल खर्चमा औषत वृद्धिदर (प्रतिशतमा)	१.१८%	-१५.९७%	-०.८८%
संचालन खर्च तथा कूल आम्दानी अनुपात	८७.४६%	६८.०२%	६७.४२%
खुद मुनाफामा औषत वृद्धिदर (प्रतिशतमा)	-	१७५.५०%	१.८७%
आयकर ब्यवस्था (प्रतिशतमा)	-	-	-
प्रतिशेयर आम्दानी	२.५७	७.०९	७.२२
Return on Equity (ROE)	२.५०%	६.७४%	६.७३%
Return on Assets (ROA)	१.७०%	४.७४%	४.८६%

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ ।

१. **आम्दानी :** यस कम्पनीको आम्दानी नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद बिक्री सम्झौतापत्रमा भएको प्रति इकाइ (युनिट वा किलोवाट आवर) मूल्य अनुसार गणना गरिएको छ :
सुख्खा मौसममा : रु.८.४० प्रति इकाई
वर्खा मौसममा : रु.४.८० प्रति इकाई
साथै आम्दानी प्रक्षेपण गर्दा विद्युत खरिद बिक्री सम्झौतापत्रको ९०% मात्र हुने प्रक्षेपण गरिएको छ ।

२. **अन्य आम्दानी :** यस कम्पनीले प्रक्षेपण गरेको अन्य आम्दानी अन्तर्गत लाभांस वापतको आम्दानी रहेको छ । सो सम्बन्धमा युनाईटेड मेवा हाईड्रोपावर लिमिटेड, नेपाल पावर एक्सचेन्ज लिमिटेड र ठुलो खोला हाईड्रोपावर लिमिटेडबाट आ.व.२०८३।८४ तथा टक्सार क्यासकेट पावर प्रा.लि.मा रहेको लगानीबाट आ.व.२०८६।८७ देखि वार्षिक १२% का दरले लाभांस आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

३. **रोयल्टी खर्च :** रोयल्टी खर्चको गणना विद्युत ऐन, २०४९ बमोजिम तल उल्लेख भए अनुसार रहेको प्रक्षेपण गरिएको छः
क्षमता बमोजिम रोयल्टी : रु.१००/- किलोवाट पहिलो १५ वर्षसम्म
रु.१०००/- किलोवाट १५ वर्षपछि
आम्दानी बमोजिम रोयल्टी : बिलको राजश्वको २ प्रतिशत पहिलो १५ वर्षसम्म
बिलको राजश्वको १० प्रतिशत १५ वर्षपछि

४. **वित्तीय खर्चहरु :** कम्पनीले भुक्तानी गर्ने ब्याजहरु तिर्न बाँकी ऋण रकमको वार्षिक ९ प्रतिशतको दरले गणना गरिएको छ ।

५. **कर्मचारीहरुको बोनस :** बोनश ऐन, २०३० तथा विद्युत ऐन, २०४९ अनुसार कम्पनीको नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्ने प्रक्षेपण गरिएको छ । अन्य प्रशासनिक तथा संचालन खर्च वार्षिक ३ प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

६. **आसामी रकमको गणना गर्दा अन्तिम दुई महिनाको अवधिलाई आधार मानिएको छ ।**

७. **ह्रास कट्टी :** परियोजनामा प्रयोग भएका सम्पत्ति वाहेक अन्य स्थिर सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको जीवन अवधि अनुसार गणना गरी अन्तर्गतसमदर (Streight Line Method) अनुसार कट्टा गरिएको छ । जस अनुसार सम्पत्तिको जीवन अवधि निम्नानुसार कायम गरिएको छ :
फर्निचर : ८ वर्ष
कार्यालय सामान : ८ वर्ष
अन्य उपकरणहरु : १५ वर्ष
परिवाहन : १० वर्ष

८. **परियोजनामा प्रयोग भएका सम्पत्तिहरुको परिशोधन :** परियोजनामा प्रयोग भएका संरचना, उपकरण तथा अन्य सम्पत्तिहरुलाई अन्तर्गत समदर प्रणाली (Straight line method) अनुसार विद्युत उत्पादन अनुमतीपत्र अनुसार आयोजनाको बाँकी अवधिका लागि परिशोधन गरिएको छ ।

९. **स्थिर सम्पत्ति :** कुनै पनि स्थिर सम्पत्ति थप हुने छैन र कुनै पनि फरक भएमा त्यो स्थिर सम्पत्तिको मर्मत अन्तर्गत पर्ने प्रक्षेपण गरिएको छ ।

१०. **आयकर दर :** यस कम्पनीका लागि आयकर ऐन, २०५८ दफा ११ (३ घ) बमोजिम COD पश्चात् पहिलो १० वर्षको लागि आयकर छुट, सो पश्चात् ५ वर्षको लागि १२.५ प्रतिशत र सो पश्चात् २० प्रतिशतको करको दर लागु हुनेछ ।

११. **व्यापारीक उत्पादन सुरु हुने मिति :** २०७८/०१/०१ व्यवसायिक उत्पादन सुरु गरिसकेको ।

१४. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :** हाल यस कम्पनीको विद्युत बिक्री भैरहेको तथा कम्पनी संचालनमा रहिरहेकोले हाल वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको ।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** टक्सार पिखुवा खोलाको जलाधार क्षेत्रमा अप्रत्याशित रुपमा जलवायु परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन एवम् आय घट्न सक्ने ।
(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमाआउने परिवर्तनबाट हुने जोखिम :** हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्यवृद्धि (Cost Overrun) को जोखिम :** आयोजना सम्पन्न भई सकेकोले यस्तो जोखिम नरहेको ।
(ङ) **विदेशी विनिमयको जोखिम :** विदेशी विनिमयको जोखिम नरहेको ।
(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** आवश्यक सम्पूर्ण अनुमति वा इजाजत प्राप्त भैसकेको र आयोजना सम्पन्न भई नियमित रुपमा विद्युत उत्पादन भइरहेकोले सो जोखिम नरहेको ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्नहुन सक्ने जोखिम :**
- अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु : त्यस्तो जोखिम नरहेको
- पूँजीबजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु : कम्पनीलाइ त्यस्तो जोखिम नरहेको ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजनाहुन सक्ने जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

(झ) **सञ्चालन इतिहासको अभाव :** मिति २०७१/०१/१० मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा टक्सार पिखुवा खोला हाईड्रोपावर नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७८/०६/१४ मा पब्लिक लिमिटेड कम्पनीमा परिणतमा भई टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटडको नाममा कारोबार संचालन गर्दै आएको कम्पनीको संचालन इतिहास करिव ९ वर्ष भन्दा बढीको रहेको छ ।
(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :** प्रविधि सम्बन्धी परिवर्तनबाट जलविद्युत कम्पनीको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरिद गरी जडान गरी सकेको छ । जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरण सहित सम्पूर्ण संरचनाहरुको नै बिमा गरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहज हुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्यून भएको ।
(ट) **अन्य :**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुन सक्ने जोखिमहरु ।
- प्राकृतिक प्रकोपको तथा काबु बाहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्नगएमा ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको व्यहोरा जानकारी गराउँछौं । सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यवस्थापनको धारणा रहेको छ । त्यस कारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्दभएको अवधिको नोक्सान वापतको लागि निम्नबमोजिमको बीमा गरिएको छ । कम्पनीको संभावित नोक्सानी बहन गर्न देहाय बमोजिमको बीमा कम्पनीमा निम्न रकम बराबरको बीमा गरिएको छ ।

विमा कम्पनीको नाम	जोखिमको किसिम	विमांक रकम रु.	प्रिमियमको रकम रु.	प्रिमियमको रकम भुक्तानी मिति	वहाल रहने अवधि
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	आयोजनाको सिभिल संरचनाहरु	१,४६,९६,३१,२०१/८०	३२,३८,३५२/३५	२०८२/०२/२८	२०८३/०२/२७
	इलेक्टोमेकानिकल सम्बन्धी संरचनाहरु	२०,१५,४०,०००/-	२२,२०,४९६/९५	२०८२/०२/२८	२०८३/०२/२७
	Loss of Profit	२४,७६,७१,०००/-	१०,९१,५०६/१०	२०८२/०२/२८	२०८३/०२/२७

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
प्रति शेयर अंकित मूल्य रु.१००/- दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. सकारात्मक पक्षहरु :

(१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष शतप्रतिशत र त्यसपछिको ५ वर्ष ५० प्रतिशत आयकर छुट प्राप्त हुने हुँदा लाभांशको दर सामान्यतया बढी हुन सक्ने अवस्था रहेकोछ । यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेशिन, औजार तथा उपकरणहरुको जोखीमलाई न्यूनीकरण गर्न बिभिन्न प्रकारका चारवटा बीमा गरिएको छ ।
(२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
(३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(१) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकिया :** स्वीकृत विवरण पत्रमार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।
क. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।
ख. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।
ग. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।
घ. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।
ङ. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।
च. शेयर बाँडफाँडको जानकारी बाँडफाँट गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।
छ. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिनेछ ।
ज. स्थानीय बासिन्दाका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकि रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर थप गरी निष्काशन गरिनेछ । साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुनबाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतिकर्ता बीच भएको प्रत्याभुती सम्बन्धी सम्झौता बमोजिम प्रत्याभुतीकर्ताले खरिद गर्नेछ ।

(२) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरि पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरि धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइने छ र सोही विवरण अनुरुप सि आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरि फिर्ता गरि दिनेछ ।

(३) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड-पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको सन्दर्भमा यो व्यवस्था लागु नहुने । स्थानीय बासिन्दाले C-ASBA प्रणाली भन्दा बाहेक भौतिक रुपमा शेयर आवेदन गरेको खण्डमा, निवेदन साथ प्राप्त रकम बाँडफाँड पछि "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड-पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(४) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :** स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई निजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भए पश्चात सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ ।

(५) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** हाल सम्म सूचीकरण भई नसकेको ।

(६) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** हालसम्म सूचिकरण भई नसकेको हुँदा यस शेयरको बाँडफाँड पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको नियमानुसार शेयरको सूचिकरण गराई धितोपत्रको कारोबार गर्ने व्यवस्था मिलाईने छ ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :
आयोजना प्रभावित क्षेत्र अर्थात भोजपुर जिल्ला बासिन्दाहरुले स्वीकृत विवरण-पत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पूरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ ।
२. १८ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नु पर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ वर्षदेखि स्थायी रुपमा बसोबास गरेको व्यहोरा सम्बन्धित गा.वि.स./गाउँपालिका/नगरपालिकाले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।
३. १८ वर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नु पर्नेछ । साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।
४. विवाह भै आएका महिलाका हकमा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।
५. आयोजना प्रभावित क्षेत्रमा बसाई सराई गरी आएको हकमा विवरण-पत्र स्वीकृत भएको मितिसम्म बसाई सराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनु पर्नेछ ।
६. माथि उल्लेखित हुन छुटेका उद्योग प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित पालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला समन्वय समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।
७. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन । साथै आयोजनाले प्रभावित क्षेत्र तोकी उल्लेख गरेको स्थानका नागरिकहरुको नागरिकतामा जन्म स्थानका आधारले शेयरमा आवेदन दिन पाउने छैन ।
८. आमाबाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नु पर्नेछ ।
९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।
१०. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरु लाई रद्द गरिनेछ ।
१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ ।
१३. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा कर्मचारी तथा सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।
१४. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्यभएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१५. रु.५०,०००/- वा सो भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१६. स्वीकृत विवरण-पत्र मार्फत निष्कासन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/ BOID No.) भएका आवेदकहरुलाई नीजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने ब्यवस्था भएको हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/ BOID No.) आवेदन फाराममा उल्लेख गर्न सक्ने छन् । साथै डिम्याट खाता (DMAT Account/ BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन् । साथै स्थानीय बासिन्दा C-ASBA सदस्य भएको खण्डमा स्थानीय बासिन्दाले C-ASBA प्रणाली मार्फत समेत आवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।
१७. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदाजम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको हकमा :
१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।
२. स्वीकृत विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईट पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।
५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।
६. आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।
७. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।
८. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।
९. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।
१०. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।
११. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।
१२. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :
क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।
ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।
घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।
ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
छ. आवेदकको हितग्राही - डिम्याट खाता नम्बर
१३. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।
१४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
१५. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
१६. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।
१७. धितोपत्र बाँडफाँड गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।
१८. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।
१९. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २२, खिचापोखरी वा धितोपत्र निष्काशन तथा बिक्रीप्रबन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तवालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० (दश) अङ्कको गुणाङ्कमा अधिकतम ५०,००० (पचास हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

सि.नं.	विवरण	रकम (रु.)
१	प्राइम कमर्सियल बैंक लिमिटेडमा रहेको ऋण भुक्तानी गर्ने	२४,६९,०१,७८४/-
२	माछापुच्छ्रे बैंक लिमिटेडमा रहेको ऋण भुक्तानी गर्ने	१७,६१,६५,०१६/-
	जम्मा	४२,३०,६६,८००/-

२०. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल र वेवसाइटः www.prabhucapital.com
२.	टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड,का.म.पा.-२२, खिचापोखरी, काठमाण्डौ र वेवसाइटः taksarpikhuwahpp2017@gmail.com
३.	श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र वेवसाइटः website: www.sebon.gov.np

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।

क्र.सं	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने संकलन केन्द्रको नाम र ठेगाना
१.	टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना कार्यालय, भोजपुर ।
२.	प्रभु बैंक लिमिटेड, भोजपुर शाखा ।
३.	प्रभु बैंक लिमिटेड, प्याउली शाखा ।
४.	प्रभु बैंक लिमिटेड, हटुवागढी शाखा ।
५.	सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, भोजपुर शाखा ।
६.	प्रभु क्यापिटल लिमिटेडको कमलादी ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमाः

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि–आस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ ।

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	प्रभु बैंक लिमिटेड, कमलादी शाखा	प्रभु क्यापिटल लिमिटेड	१११००६३१८१६००११३

साथै, आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रियस्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्यदिन र बढीमा १५ दिनसम्म हुनेछ ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशन गर्न लागिएको धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सोको समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा त्यहाँ सम्पर्क गर्न सकिनेछ । कुनै पनि लगानीकर्ताले यस निष्काशन सम्बन्धी बिषयमा कुनै गुनासो वा सुझावका लागी सम्पर्क अधिकारी व्यक्ति श्री एलिसा कार्कीलाई निजकै कार्यालयमा वा निजलाई कार्यालय समयभित्र ०१-५९७०२०० मा सम्पर्क गर्न सकिनेछ ।

दरखास्त फारामको नमुना

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड
Taksar Pikhuwa khola Hydropower Ltd.
रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२२, खिचापोखरी, काठमाण्डौं, फोन नं. ०१-५३२१७७७
इमेल: taksarpikhuwahpp2017@gmail.com वेवसाइटः www.tpkhp.com.np

प्रति दरखास्त फाराम रु.२/-

आवेदकको हालसालै खिचिएको **फोटो** (अनिवार्य)

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

दरखास्त फाराममा निवेदकको आफ्नै खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

आयोजना प्रभावित क्षेत्रका स्थाई बसोबास गर्ने बासीन्दाहरु (भोजपुर जिल्लाको बासिन्दा) को निमित

साधारण शेयर खरीद दरखास्त फाराम

मार्फत
प्रभु क्यापिटल लिमिटेड
रजिष्टर्ड कार्यालयः कमलादी, काठमाण्डौ, नेपाल
फोन नं. : ९७७-०१-४१६९१००, ५९७०२००
Email: info@prabhucapital.com, Web: www. prabhucapital.com

कोड नं.

सि.नं.

श्री संचालक समिति,
टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड
खिचापोखरी, काठमाडौं, नेपाल ।

दरखास्त दिन पाउने न्यूनतम शेयर संख्या : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : ५०,००० कित्ता

हितग्राही खाता नं. DP ID / Client ID

महाशय,
त्यस कम्पनीको मिति २०८२/११/०१ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तहरुको अधिनमा रही रु.१००/- अङ्कित दरको शेयर कित्ता .... खरीद गर्न इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/- को दरले रु. .... (अक्षरेपी ....) यसै साथ संलग्न गरी पठाएको/बुझाएको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको संख्या		शेयर बापत जम्मा गरेको रकम		मिति	२०८२/ /
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम					
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.			

Sources of Fund (For Rs. 0.5 million and above as per Directive issued by SEBON)
आयको स्रोत (रु. पाँच लाख र सो भन्दा बढीको लागि बोर्डबाट जारी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ अनुसार) वैधानिक रहेको स्वःघोषणा गर्दछु ।
व्यापार (Business) ☐ सम्पत्ति बिक्री (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify)

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक				
	In English	Mr./Mrs./Miss/Minor				USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.		घर नं.	गाउँपालिका/न.पा.	जिल्ला	
Permanent Address	Ward No.		House No.	R. M./M.	District	
सम्पर्क ठेगाना						
P.O. Box No.		P.O. Box District		नागरिकता प्रमाण-पत्र नं.		
PAN		Contact No.		नागरिकता जारी गरेको स्थान		
बाबुको नाम						
Father's Name						
बाजेको नाम						
Grandfather's Name						
पति/पत्नीको नाम						
संरक्षकको नाम (नाबालकको हकमा)						
Guardian's Name (Incase of minor)						

मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरु र यस दरखास्त फाराममा खुलाएको विवरण साँचो हो । म/हामी यस कम्पनीको संस्थापक, सञ्चालक तथा नीजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु/गर्दछौं । म/हामीले यस शेयरको लागि लगानी गरिएको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको घोषणा गर्दछु/गर्दछौं । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।
नोटः रु. ५ लाख वा सो भन्दा माथिको आवेदन दिंदा आयश्रोतको विवरण अनिवार्य रुपमा आवेदन साथ पेश गर्नु पर्नेछ ।

निवेदकको दस्तखत (नाबालकको हकमा अभिभावकको दस्तखत)

पुनश्चः आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडि पट्टि रहेको बुँदा नं. १७ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।

- -

यो रसिद हराई अर्कालि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत
प्रभु क्यापिटल लिमिटेड
रजिष्टर्ड कार्यालयः कमलादी, काठमाण्डौ, नेपाल
फोन नं. : ९७७-०१-४१६९१००, ५९७०२००
Email: info@prabhucapital.com, Web: www. prabhucapital.com

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

Applicant's Name					
Company's Name	Taksar Pikhuwa khola Hydropower Ltd.				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited (Rs.)	
Amount in Words					

निवेदकको दस्तखत (नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Date:
Stamp

Code No.
हितग्राही खाता नं. DP ID / Client ID

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

१. बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकले आवेदन फाराममा उल्लेख गरेको बैंक तथा वित्तीय संस्थाको बैंक खातामा सोझैं जम्मा हुने गरी फिर्ता भुक्तानी गर्ने व्यवस्था मिलाइने छ ।
२. आवेदन फाराममा उल्लेख गरेको रकम सम्बन्धित बैंक खातामा जम्मा नभई विविध कारणले फिर्ता भएको खण्डमा सम्बन्धित आवेदकले यो सक्कल रसिद तथा नागरिकताको प्रतिलिपि सहित अद्यावधिक बैंक तथा वित्तीय संस्थाको खाता नम्बर उपलब्ध गराउनु पर्नेछ ।
३. बाँडफाँडमा नपरेको शेयर बापतको रकम विविध कारणले फिर्ता भुक्तानी हुन नसकेको अवस्थामा सम्बन्धित आवेदकले अद्यावधिक बैंक तथा वित्तीय संस्थाको खाता नम्बर उपलब्ध गराए पश्चात् आवश्यक प्रमाणिकरण पश्चात् सोही बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।
४. आफू उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडि मञ्जुरीनामा दिने र लिने दुवैले दस्तखत गरी यो रसिदका साथै मञ्जुरीनामामा पाउने व्यक्तिको कुनै आधिकारीक परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

प्रभु क्यापिटल लिमिटेड
(A Subsidiary of Prabhu Bank Ltd.)
रजिष्टर्ड कार्यालयः कमलादी, काठमाण्डौं, नेपाल
फोन नं. : ९७७-०१-४१६९१००, ५९७०२००
Email: info@prabhucapital.com, Web: www. prabhucapital.com